# नेपालको सहकारी अभियानको लागि
# दिगो विकास लक्ष्यसम्बन्धी मार्गदर्शन



# नेपालको सहकारी अभियानको लागि
# दिगो विकास लक्ष्यसम्बन्धी मार्गदर्शन

**नेपालको सहकारी अभियानको लागि दिगो विकास लक्ष्यसम्बन्धी मार्गदर्शन**

सर्वाधिकार राष्ट्रिय सहकारी महासंघमा सुरक्षित

प्रकाशकः राष्ट्रिय सहकारी महासंघ लि.
पुल्चोक, ललितपुर, नेपाल
सम्पर्कः ०१-५०१०११६, ५०१००३३
www.ncfnepal.com.np

**प्रविधिक तथा आर्थिक सहयोग**ः नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, नेपालद्वारा संचालित सहकारी बजार विकास कार्यक्रम

**डिजाइनः** विश्वराज सापकोटा

पौष ५, २०७६

# प्राक्कथन:

नेपालको सहकारी अभियानको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघले स्थापनाकालदेखि नै सहकारी अभियानको विकास र प्रवर्द्धनमा निरन्तर कार्य गर्दै आफ्ना सदस्य, समुदाय तथा राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा वातावरणीय उन्नयनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०१५ मा जारी गरेको १७ वटा दिगो विकास लक्ष्य र यसको कार्यसूचीसँगै विश्वव्यापी रूपमा यो चुनौती र अवसरको रूपमा स्थापित भएको छ । यसै सन्दर्भमा नेपालको पहिलो National Voluntary Review Report मा समेत दिगो विकास लक्ष्य प्राप्तिमा सहकारीको योगदानलाई उल्लेख गरिएको छ ।

उक्त लक्ष्यको व्यवहारिक कार्यान्वयन गर्न यस महासंघले सम्पूर्ण तहका सहकारी संघ/संस्थालाई उपयोगी हुने गरी यस अगावै Guidelines on Sustainable Development Goals for Cooperative Movement in Nepal अंग्रेजी संस्करणमा प्रकाशन गरिसकिएको छ । यो पुस्तिका त्यसैको सांराश प्रकाशन हो ।

यस पुस्तिका प्रकाशनको सन्दर्भमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमप्रति म हार्दिक आभार व्यक्त गर्दछु । यस मार्गदर्शनलाई तयार गर्न उल्लेख्य योगदान पुऱ्याउनु हुने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सह-सचिव चन्द्रकला पौडेल, परामर्शदाता पुस्कर वज्राचार्य र सुदर्शन ढकाललाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यसैगरी यू.एन.डी.पी. नेपालका नीति सल्लाहकार धर्म स्वर्णकार, सहकारी बजार विकास कार्यक्रमका राष्ट्रिय परियोजना प्रबन्धक सुमनशेखर मानन्धर तथा सहकारी नीति विज्ञ प्रकाश घिमिरे, राष्ट्रिय सहकारी महासंघका महाप्रवन्धक चित्राकुमारी थाम्सुहाङ् सुब्बा र अन्तर्राष्ट्रिय सम्बन्ध तथा कार्यक्रम अधिकृत सुरेश थापालगायत सबैको अथक प्रयास र नवीनतम सोचको कारणले नै यो दस्तावेज तयार हुन सम्भव भएको हो र वहाँहरू सबै विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, यो मार्गदर्शन नेपालमा रहेका सम्पूर्ण तहका सहकारीको लागि दिगो विकास लक्ष्य कार्यान्वयनमा महत्वपूर्ण सावित हुने छ भन्ने विश्वास व्यक्त गर्दै यस कार्यलाई सफल वनाउन सम्पूर्ण तहका सहकारी संघ/संस्थाहरूबिच आपसी सहयोग, समन्वय तथा सहकार्यको संस्कृति अघि बढाई अधिकतम प्रतिफलको दिशामा लाग्नुहुने अपेक्षा समेत राखेको छु । साथै, सहकारी क्षेत्रको प्रवर्द्धन र विकासमा लाग्नुभएका निजी क्षेत्र, योजनाकार, अनुसन्धानकर्ता एवं सरोकारवालाहरूको लागि पनि यो मार्गदर्शन फलदायी हुने आशा लिएको छु ।

हार्दिकताको अपेक्षा सहित सहकारी अभिवादन !

केशवप्रसाद वडाल
अध्यक्ष

# विषयसूची


| | | |
|---|---|---|
| १. | **परिचय** | १ |
| | पृष्ठभूमि | १ |
| | दिगो विकास लक्ष्य र सहकारी क्षेत्रको सम्बन्ध | १ |
| | दिगो विकास लक्ष्य प्राप्तिमा सरकारको प्रयास र सहकारी क्षेत्र | ३ |
| २. | **नेपालमा दिगो विकास लक्ष्य र सहकारीको भूमिका** | ४ |
| ३. | **दिगो विकासका लक्ष्य कार्यान्वयनका लागि मार्गनिर्देश** | १३ |
| ४. | **व्यवस्थापकीय कार्य** | २६ |
| | **अनुसूची** | २९ |

# १. परिचय

## पृष्ठभूमि

सन् १९५६ बाट योजनाबद्ध विकासको आरम्भ भएदेखि नेपालमा गरिबी, क्षेत्रीय असमनता, सामाजिक विभेद् तथा अन्य राजनीतिक, सामाजिक एवं आर्थिक पक्षसँग सम्बन्धित समस्याहरूको सम्बोधनका लागि विभिन्न प्रकारका रणनीतिक प्रयास भएको छ । उल्लेखित प्रयासका वाबजुत अझै देशको ग्रामीण क्षेत्रका बासिन्दा, महिला, न्यून सीप भएका, सामाजिक रूपमा पछाडि परेका समुदायको हित हुनेगरी थप प्रभावकारी रणनीति ल्याउनुपर्ने आवश्यकता देखिन्छ ।

आर्थिक एवं सामाजिक क्षेत्रका विभिन्न आयामहरूलाई समावेश गरेर हाम्रोजस्तो आर्थिक-सामाजिकरूपले पछाडि परेको देशको अवस्था सुधार गर्न अन्तर्राष्ट्रियस्तरमा सन् २००० मा सहश्राब्दी विकास लक्ष्य (एमडिजी)को अवधारणा ल्याइएको थियो । उक्त अभियानअन्तर्गत नेपालले उल्लेख्य उपलब्धि हासिल गर्यो । त्यसपछि अझ विस्तृत अवधारणाको रूपमा दिगो विकास लक्ष्यको विकास गरियो । सामाजिक, आर्थिक तथा वातावरणका सबै पक्षलाई समेटेर जनताको समृद्धि र पृथ्वीको सुरक्षासमेत हुनेगरी विकास गरिएको यो अवधारणाले सरकारसँगै निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाजलगायत सम्बन्धित सबै निकायले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने पक्षलाई औँल्याएको छ । यस्तो परिवेशमा नेपालका सहकारी संघ/संस्थाहरूले आफ्ना कार्य, योजना र भूमिकाभित्र यी एजेण्डाहरु के-कसरी समायोजन गराउन सक्दछन् भनेर मार्गदर्शन प्रदान गर्ने उद्देश्यले यो पुस्तिका तयार गरिएको छ । यस पुस्तिका निर्माणको अन्य विशेष उद्देश्यहरू निम्नबमोजिम रहेका छन्:

- दिगो विकास लक्ष्यहरु प्राप्तिका लागि योगदान गर्न सहकारी संघ/संस्थाबिच सहकार्य, साझेदारी एवं सहयोगका क्षेत्रहरू खोजी गर्ने,
- दिगो विकास लक्ष्य प्राप्तिमा विभिन्न तहका सहकारी संघ/संस्थाका लागि दिशानिर्देश गर्ने एवं कार्ययोजना तय गर्ने ।

## दिगो विकास लक्ष्य र सहकारी क्षेत्रको सम्बन्ध

एमडिजीको कार्यान्वयनबाट बंचितीकरणमा परेका तथा जोखिममा रहेका क्षेत्रमा प्रशंसनीय उपलब्धि हासिल भएको विश्वास गरिन्छ । गरिबी निवारण तथा अन्य सामाजिक लक्ष्यहरूमा समेत केही प्रगति भएको पाइएको छ । तर लैङ्गिक विभेद्, धनी-गरिब तथा गाऊँ-शहर इलाकाबिच असमानता; जलवायु परिवर्तन तथा पर्यावरणीय क्षति; द्वन्द; गरिबी; एवं भोकमरीको अवस्था भने रही नै रह्यो । यसै पक्षलाई मध्यनजर गरेर एमडिजीलाई विस्तार गर्दै सन् २०१५-२०३० का लागि दिगो विकास लक्ष्य

(एसडिजी)को अवधारणा ल्याइएको छ । कोही पनि नछुटुन् भन्ने सिद्धान्तका आधारमा यो अवधारणाअन्तर्गत १७ वटा लक्ष्यहरू, १६९ परिमाणात्मक लक्ष्य र २१३ वटा सूचक निर्धारण गरिएका छन् । यो बाध्यकारी सम्झौता नभएपनि संयुक्त राष्ट्रसंघका सबै १९३ सदस्य राष्ट्र तथा नागरिक समाजका संगठनहरूको साझा प्रतिबद्धताको रूपमा आएकोले यी लक्ष्य पुरा गर्न सबैले योगदान गर्ने विश्वास लिइएको छ ।

एसडिजीले सन् २०३० भित्र विश्वबाट गरिबीको अन्त्य, पृथ्वीको सुरक्षाको सुनिश्चितता र आर्थिक समृद्धि हासिल गर्ने महत्वाकांक्षी खाका प्रस्तुत गरेको छ । यो अवधारणाले गरिबी तथा भोकमरीलाई तत्कालको प्रमुख चुनौती भनेपनि आर्थिक, सामाजिक र वातावरणीय दृष्टिकोणले दिगो भविष्य सुनिश्चित गर्नु नै मुख्य आवश्यकता मानेको छ । विश्व समुदायले प्रतिबद्धता जनाएको यस दस्तावेजले सबै सरोकारवालाबिच साझेदारीको अवधारणालाई अघि सारेको छ । अर्थात्, प्रत्येक सदस्य राष्ट्रले आफ्ना आवधिक योजना तथा कार्यक्रमहरूमा यो एजेण्डा र यसका लक्ष्यहरूलाई आत्मसात गर्न; सबै तहका सरकारले आफ्ना सामाजिक, आर्थिक एवं वातावरणसम्बन्धी क्रियाकलापमा यिनलाई समावेश गर्न, गैरसरकारी क्षेत्रका निजी व्यवसायी, सहकारी संस्था, सामुदायिक संगठन, ट्रेड युनियन, व्यावसायिक एवं वौद्धिक समुदाय, वैज्ञानिक तथा जनजाति/आदिवासी समूहले यी लक्ष्य प्राप्तिको लागि सघाउ पुऱ्याउन; तथा विकसित देश तथा बहुपक्षीय निकायहरूले विकासमा पछि परेका देश एवं पिछडिएका समुदायलाई सहयोग गर्न दिशानिर्देश गरेको छ ।

सहकारी मोडलको व्यवसाय निश्चित मूल्य एवं सिद्धान्तमा आधारित हुने गर्दछन् । सहकारीका सातवटा नै सिद्धान्तले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा गरिबी निवारण, रोजगारीको सिर्जना, मर्यादित काम, लैङ्गिक समानता, वातावरण संरक्षण, दिगो उपभोगलगायत दिगो विकासका विभिन्न लक्ष्यसँग सम्बन्ध राख्दछन् । स्वःसहयोग, सशक्तीकरण, समुदायमा पुनर्लगानी र आम जनता र विश्वको हितप्रति प्रतिबद्ध रही व्यवसाय संचालन गर्दा सहकारी संस्थाले दिगो आर्थिक वृद्धि, सामाजिक विकास एवं वातावरणीय उत्तरदायित्व निर्वाह गर्दछन् भन्ने विश्वास गरिन्छ । यही अवधारणासँग मिल्नेगरी सहकारी क्षेत्रको अन्तर्राष्ट्रियस्तरको सर्वोच्च निकाय अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसिए) ले सन् २०१३ मा नै Blue Print of Cooperative Decade 2020 ल्याएको थियो । उक्त अवधारणाले दिगोपना सहकारीको प्राकृतिक गुण (डिएनए) भएको भन्दै सहकारी संस्थाले आर्थिक, सामाजिक र वातावरणको दिगोपनालाई कसरी सुनिश्चित गर्न सक्छन् भन्ने दृष्टान्त प्रस्तुत गरेको थियो । त्यसपछि आएको दिगो विकास लक्ष्य (एसडिजी)सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणाले सहकारी क्षेत्रलाई एउटा महत्वपूर्ण सरोकारवालाको रूपमा लिएको छ र लक्ष्य प्राप्तिका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीयस्तरमा आफ्नो भूमिका निर्वाह गर्ने अवसर प्रदान गरेको छ ।

## दिगो विकास लक्ष्य प्राप्तिमा नेपाल सरकारको प्रयास र सहकारी क्षेत्र

दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्न तथा बजेट तथा योजनामा यसलाई समायोजन गर्न नेपाल सरकारबाट विभिन्न महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । एसडिजीसम्बन्धी विभिन्न सूचकमा नेपालको वर्तमान अवस्था र आगामी लक्ष्य समेटिएको "दिगो विकासका लक्ष्यहरुः वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६-२०३०" नामक दस्तावेज तयार पारिएको छ । लक्ष्य प्राप्तिका लागि आवश्यक पर्ने वित्तीय श्रोतको गणना गरेर सहकारी क्षेत्रसहित विभिन्न क्षेत्रले गर्नुपर्ने लगानीको मात्रा प्रस्ताव गरेर "नेपालको दिगो विकासका लक्ष्यहरुको लागि आवश्यकता विश्लेषण, लागत र वित्तीय रणनीति" समेत प्रकाशन गरिएको छ । एसडिजीको लक्ष्य प्राप्तिलाई केन्द्रित गरेर सरकार, निजी क्षेत्र, सहकारी क्षेत्रलगायत सरोकारवालाको सहभागिता परिभाषित गरिएको १५ औँ योजनाको आधार पत्र तयार भएको छ । साथै आ.व. २०७३/०७४ देखि वार्षिक विकास कार्यक्रमको विवरणमा यसका हरेक क्रियाकलाप कुन एसडिजी लक्ष्यसँग सम्बन्धित छन् भनेर संकेत राख्न थालिएको छ । कार्यक्रमको कार्यान्वयनलाई सुपरिवेक्षण र निर्देशन गर्न प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा दुई उच्चस्तरीय समिति कार्यरत छन् । एसडिजीलाई स्थानीयकरण गर्न प्रदेश र स्थानीय तहका लागि दुई अलग-अलग निर्देशिका (म्यानुअल) बनाइएको छ । सरकारी क्षेत्रबाहेक निजी र सहकारी क्षेत्रले समेत एसडिजीका लागि के-कसरी योगदान गर्न सकिन्छ भनेर उपायहरू खोजी गर्न थालेका छन् ।

नेपालमा सहकारीको क्षेत्र व्यापक र विस्तारित हुँदै गएको पाइन्छ । हाल देशभित्र ३४,७३७ प्रारम्भिक सहकारी संस्था, ३२५ वटा जिल्लास्तरीय संघ, २० वटा केन्द्रीय संघ तथा १ वटा राष्ट्रिय सहकारी बैंक क्रियाशील छन् । सबैभन्दा शीर्षस्थानमा राष्ट्रिय सहकारी महासंघले समग्र सहकारी क्षेत्रलाई नेतृत्व गरिरहेको छ । यस अभियानले ६५ लाखभन्दा बढी जनतालाई संगठित गरेको छ जहाँ महिलाहरूको सहगागिता ५१ प्रतिशतभन्दा बढी रहेको छ । यसरी विस्तारित भएको सहकारी क्षेत्रको सहभागिता एवं विकास गरी सार्वजनिक एवं निजी क्षेत्रसँगसँगै दिगो आर्थिक विकास र आर्थिक असमानताको अन्त्यका लागि यस क्षेत्रले योगदान गर्छ भनेर वर्तमान संविधानले अपेक्षा गरेको छ । प्रशासकीय सहजताका लागि कुनै स्थानीय तहभित्र मात्र पर्ने सहकारी संस्था सम्बन्धित स्थानीय तहले र एक प्रदेशभित्र मात्र पर्ने सहकारी संस्था सम्बन्धित प्रदेशले नै हेर्नेगरी व्यवस्था गरिएको छ ।

वर्तमान संविधानपश्चात आएको संघीय सहकारी ऐन २०७४ मा विभिन्न व्यवस्था गरिएको छ । ती व्यवस्थाले सदस्यकेन्द्रित व्यवसायको प्रवर्द्धन, महिला सशक्तीकरण, सहकारी संस्थाको सुरक्षा एवं सुशासन प्रवर्द्धनमार्फत् दिगो विकासका विभिन्न सूचकहरूलाई सघाउ पुऱ्याउन सक्दछ । यसरी सहकारी क्षेत्रको सबलता एवं यसका लागि गरिएका संवैधानिक तथा कानूनी प्रबन्धले सहकारी क्षेत्रले दिगो विकासमा योगदान पुऱ्याउन प्रशस्त आधार र बाटो पाएको छ । यो पुस्तिकाले एसडिजीलाई आन्तरिकीकरण गर्न सबै तहका सहकारी संघ/संस्थालाई सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

# २. नेपालमा दिगो विकास लक्ष्य र सहकारीको भूमिका

अन्तर्राष्ट्रिय सहकारी महासंघले एसडिजीका १७ वटा लक्ष्यहरू (Goals) बाट सहकारी क्षेत्रका लागि सान्दर्भिक लक्ष्य (Target) हरूको पहिचान गरेको छ । त्यस्ता लक्ष्यहरूलाई गरिबी घटाउने, आधारभूत आवश्यक वस्तु तथा सेवाको पहुँचमा सुधार गर्ने र वातावरणको संरक्षण गर्नेसहित तीन मुख्य समुहमा वर्गीकरण गरिएको छ । कृषि तथा खाद्य क्षेत्रमा संलग्न सहकारी संस्थाहरूले त्यस्तो कार्यमा आफनो भूमिका बढाउन सक्दछन् । अन्य प्रकारका सहकारी संस्थाहरूले समेत व्यवसाय संचालनको ढाँचा फेरेर वा व्यवसाय वा लगानीको क्षेत्रलाई व्यवस्थित गरेर आ-आफ्नो भूमिका निर्वाह गर्न सक्दछन् ।

यहाँ राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको "दिगो विकासका लक्ष्यहरुः वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६-२०३०" ले निर्धारण गरेको एसडिजीसम्बन्धी सूचकहरूको सुधारमा सहकारी क्षेत्रले के-कसरी सहयोग गर्न सक्दछ भनेर व्याख्या गरिएको छ ।

## लक्ष्य १ गरिबीको अन्त्य

अन्तर्राष्ट्रियस्तरमा प्रचलित प्रतिदिन प्रतिव्यक्ति १.२५ अमेरिकी डलरलाई आधार मान्दा नेपालको गरिबीको आकार सन् २०१५ मा २१.६ प्रतिशत रहेको देखिन्छ । सरकारको यो लक्ष्य प्राप्तिका लागि सहकारी क्षेत्रले ठूलो योगदान गर्न सक्दछ । खासगरेर यस क्षेत्रले आर्थिक गतिविधिको प्रवर्द्धन, गरिबका लागि आर्थिक अवसरको सिर्जना, पिछडिएका समुदायको सशक्तीकरण, व्यक्तिगत जोखिमलाई सामूहिक जोखिममा स्थान्तरण गरेर जोखिमको न्यूनिकरण आदि कार्य गर्न सक्दछ । यसबाहेक देशको गरिबी न्यूनिकरणका लागि सहकारी क्षेत्रले आफ्ना सदस्यका लागि देहायबमोजिम सहयोग गर्न सक्दछः

- अनौपचारिक एवं ग्रामीण क्षेत्रका व्यक्तिहरूको वित्तीय पहुँचमा सुधार गरेर,
- सुपथ मुल्यमा कृषि सामग्री आपूर्ति गर्ने व्यवस्था गरेर,
- कृषकहरूको उत्पादनको प्रशोधन र बजारीकरणको व्यवस्था गरेर,
- घरायसी उपभोग्य सामग्री सदस्यहरूलाई सहज र सुपथरूपमा परिपूर्ति गरेर,
- गरिब तथा पिछडिएका नागरिकलाई मूलप्रवाहीकरण गर्न सहयोग गरेर ।

## लक्ष्य २ (दुई) भोकमरीको अन्त्य

खाद्य असुरक्षा तथा पौष्टिक अपर्याप्तताका कारण नेपालमा कुपोषण, रक्त अल्पता, पुडकोपनजस्ता समस्या अझै विकराल अवस्थामा रहेको देखिन्छ । जस्तै ६-५९ महिना भित्रका बालबालिकामध्ये ३०.१ प्रतिशत बालबालिका कमतौल भएको अवस्थामा छन्; रक्तअल्पताको शिकार भएका बालबालिका करिब ५३ प्रतिशत र महिला ४६ प्रतिशत छन्; जन्मेदेखि ५९ महिनासम्मका झण्डै एक तिहाई बालबालिका कुपोषणको शिकार भएका छन् । नेपालको सहकारी क्षेत्रले लघु उद्यमी/उत्पादक तथा कृषक सदस्यहरूलाई निम्नबमोजिम कार्यमार्फत् स्वरोजगारी एवं आय वृद्धिमा सहयोग तथा खाद्यान्नमा पहुँचको वर्तमान अवस्था सुधार गरेर देशभरि कै खाद्य सुरक्षाको स्थितिलाई सुधार गर्न सहयोग गर्न सक्दछ:

- बजार, वित्त तथा सूचनामा पहुँच बढाएर,
- कृषक तथा पछाडि परेका वर्ग/समुदायका लागि सीपमुलक तालिम एवं नियमित प्राविधिक सल्लाह प्रदान गरेर,
- कृषि सामग्री तथा उत्पादनका साधनहरूको एकमुष्ट खरिद् एवं भण्डारण गरी सुपथ मूल्यमा आपूर्ति गरेर,
- सुधारिएका तथा उत्थानशील कृषि अभ्यासको विकास र प्रयोगमार्फत् कृषि क्षेत्रको जोखिम न्यूनिकरण गरेर,
- सदस्य उत्पादनको उचित मूल्यका लागि एकीकृत सौदाबाजीको कार्य गरेर ।

## लक्ष्य ३ स्वस्थ जीवनको सुनिश्चितता

विगतमा नेपालले स्वास्थ्य क्षेत्रमा राम्रो प्रगति गरेको छ । खासगरी शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर, एचआइभी संक्रमण नियन्त्रणमा उल्लेख्य सफलता हासिल गरेको छ । हाल क्षयरोग, लिमफेटिक फाइलेरिया, डेंगी, मलेरिया, कालाजार, रेविजजस्ता रोगहरु समेत नियन्त्रणमा रहेका छन् । तर हेपाटाइटिस, पानीजन्य रोग, सरुवा रोग, नसर्ने खालका घातक रोग, आत्महत्या, सडक दुर्घटना एवं अन्य कारणले हुने अकाल मृत्युको समस्या भने देशभित्र गम्भीर बन्दै गएको छ । सहकारी संस्थाहरूले देहायका कार्य गरेर सदस्यहरूको स्वस्थ्य जीवन निर्माण गर्न सहयोग गर्न सक्दछन्:

- स्वास्थ्यसम्बन्धी सूचना दिएर,
- नसर्ने घातक रोगहरूबाट बच्ने उपायबारे संगठित रूपमा जनचेतनाको कार्यक्रम संचालन गरेर, असल आचरणको अनुशरण गर्न उत्प्रेरित गरेर,

- सहकारीमा आधारित अस्पताल तथा स्वास्थ्य संस्थाको प्रवर्द्धन गरेर, आफैँले स्वास्थ्य क्लिनिक संचालन गरेर,
- औषधोपचार बीमा सेवा प्रदान गरेर,
- दुर्घटना तथा विरामी परेका सदस्य परिवारलाई सहयोग गरेर, स्वास्थ्य शिविर एवं रक्तदान कार्यक्रमको आयोजना गरेर ।

## लक्ष्य ४ समावेशी र गुणस्तरीय शिक्षा

शिक्षामाथि सबैको पहुँच पुगोस भन्ने ध्येयले सरकारले विभिन्न लक्षित कार्यक्रम संचालन गर्दै आएको छ । फलस्वरूप सन् २०१५ को आँकडाअनुसार नै देशभित्र विद्यालय भर्ना दर ९६.६ प्रतिशत, १५-२४ वर्ष उमेर समूहका जनसंख्याको साक्षरता दर ८८.६ प्रतिशत पुगिसकेको छ । शिक्षा क्षेत्रमा लैङ्गिक विभेदको अवस्थामा समेत व्यापक सुधार आएको छ । एसडिजीको लक्ष्य ४ ले कुल भर्ना दर तथा प्राथमिक एवं माध्यमिक तहको विद्यालय जाने बालबालिकाको संख्या थप बढाउने; प्राथमिकदेखि कक्षा ८ सम्म टिकिराख्ने बालबालिका बढाउँदै लैजाने; प्रौढ शिक्षाअन्तर्गत साक्षरता र अंक ज्ञानसम्बन्धी क्षमताको सुधार गर्ने, उपयुक्त सीपमुलक तालिम विस्तार गर्ने, उच्च शिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्ने जस्ता विषयलाई समेटेको छ । सहकारी क्षेत्रले तल उल्लिखित कार्यमार्फत् समावेशी र गुणस्तरीय शिक्षा प्राप्तिमा मद्दत गर्न सक्दछः

- आफ्ना सदस्यहरूलाई नियमित तालिम र शिक्षाको अवसर प्रदान गरेर,
- सदस्य परिवारका किशोर/किशोरीलाई शैक्षिक कर्जा र प्रत्यक्ष छात्रवृत्तिको व्यवस्था गरेर,
- सहकारी शिशु स्याहार केन्द्रको संचालन गरेर,
- स्थानीयस्तरका विद्यालयको पूर्वाधार र अतिरिक्त क्रियाकलापमा सहयोग पुऱ्याएर,
- गरिब तथा पिछडिएको समुदायका बालबालिकाबिच भर्ना अभियान र जनचेतनाका कार्यक्रम संचालन गरेर ।

## लक्ष्य ५ लैङ्गिक समानता र महिला सशक्तीकरण

नेपालले शिक्षा, स्वास्थ्य, राजनीतिजस्ता महत्वपूर्ण सामाजिक-आर्थिक क्षेत्रमा लैङ्गिक असमानतालाई न्यून गर्दै लगेको छ । तर व्यावसायिक एवं प्राविधिक श्रम शक्ति भित्र महिला-पुरुषको असमान अनुपात, विभिन्न प्रकृतिका लैङ्गिक हिंसाजन्य प्रथाहरू (जस्तै

बोक्सीको आरोप, छाउपडी, दाइजो), चेलीबेटी बेचबिखन, बालविवाह आदि विद्यमान छन् । उदाहरणका लागि १८ वर्ष पुरा नभई विवाह हुने महिला ३७ प्रतिशत छन् । एसडिजीको यो लक्ष्यले यस्तै खालका लैङ्गिक हिंसा एवं कुप्रथाहरूको अन्त्य गर्दै रोजगारीका अवसर, निर्णय प्रक्रिया एवं सशक्तीकरणमा महिलाहरूको समान सहभागिता सुनिश्चित गर्न खोजेको छ । महिलाहरूको उल्लेख्य सहभागिता पहिल्यै नै रहेको सहकारी क्षेत्रले यो लक्ष्यलाई तल उल्लिखित कार्यमार्फत् थप मद्दत गर्न सक्दछ:

- महिलाहरूलाई सदस्यता लिन थप प्रोत्साहन गरेर,
- निर्णय तहमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत पुऱ्याएर,
- रोजगारी, शिक्षा, तालिम र वित्तीय सेवाका अवसरमा महिलालाई प्राथमिकता दिएर,
- विभिन्न प्रकारका लैङ्गिक हिंसाको बारेमा सचेतना कार्यक्रम संचालन गरेर ।

## लक्ष्य ६ स्वच्छ पानी तथा सरसफाई

सन् २०१५ को तथ्यांकमा नेपालमा खानेपानीको सुविधा ८७ प्रतिशत र सरसफाई (स्यानिटेशन) को सुविधा ८२ प्रतिशत जनसंख्यामा पुगिसकेको देखिन्छ । तर पाइपमार्फत् प्राप्त हुने पानीमा पहुँच नभएका, शुद्ध पिउने पानीबाट बञ्चित रहेका, शौचालयको प्रयोग नगरेका, ढल निकासको सुविधा नपाएका जनसंख्या अझै पनि धेरै छन् । यो लक्ष्य खानेपानी तथा सरसफाईसम्बन्धी माथि उल्लेख गरिएको अवस्थाको सुधार गर्न केन्द्रित छ । यसका लागि सहकारी क्षेत्रले निम्न कार्यमार्फत् केही योगदान गर्न सक्दछ:

- स्वच्छ खानेपानी तथा सरसफाईसम्बन्धी जनचेतनाका कार्यक्रम गरेर,
- पानीको मुहानको सरसफाईका कार्य गरेर,
- पानी प्रशोधनसम्बन्धी उद्योग संचालन गरेर ।

## लक्ष्य ७ वहनयोग्य, भरपर्दो, दिगो र आधुनिक उर्जा

नेपालमा नवीकरणीय उर्जाको उचित उपयोग त्यति राम्ररी हुनसकेको छैन । वितरण गरिएका उर्जाका श्रोत तथा आपूर्तिको व्यवस्थासमेत भरपर्दो मानिन्न । देशमा करिब तीन चौथाई घरपरिवारले भान्सामा अहिले पनि दाउराको प्रयोग गर्दछन्; विद्युत सेवामा तीन चौथाई घरपरिवारको पहुँच भएपनि पर्याप्त मात्रामा आपूर्ति हुनसकेको छैन । सोलार बत्तीको प्रयोग सीमित क्षेत्रमा मात्र भएको छ । यस्तो अवस्थामा वहनयोग्य, भरपर्दो र वातावरणमैत्री उर्जाको आपूर्ति आफैंमा कठिन बन्दैगएको छ । सहकारी क्षेत्रले तल

उल्लेख भएअनुसार कार्य गरेर उर्जाको पहुँचका लागि केही योगदान गर्न सक्दछ:

- घरायसी इन्धनका लागि दाउराको प्रयोग घटाउन प्रेरित गरेर,
- नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गरेर,
- नवीकरणीय उर्जाको उत्पादन र वितरणमा लगानी गरेर ।

## लक्ष्य ८ मर्यादित काम र आर्थिक वृद्धि

देशको आर्थिक उन्नति एवं मर्यादित रोजगारीको सिर्जनाका लागि दिगो एवं फराकिलो आर्थिक वृद्धि एउटा निश्चित कालखण्डसम्म हुनु आवश्यक छ । त्यस्तो वृद्धि हुँदै जाँदा यस आठौं लक्ष्यले औद्योगिक उत्पादनको लागत घटाउन, अर्ध बेरोजगारी कम गर्न, निकृष्ट किसिमको बालश्रमको अन्त्य गर्न एवं पर्यटन क्षेत्रमा बढी रोजगारी सिर्जना गर्न निर्देश गर्दछ । साथै समुदायमा आधारित वित्तीय संस्था (जस्तै सहकारी संस्था) मा पहुँच सुधारको विषय समेत यो लक्ष्यले समेटेको छ । न्यून आर्थिक वृद्धि, अनौपचारिक श्रम सम्बन्ध तथा अपर्याप्त सामाजिक सुरक्षाको अवस्था रहेको नेपाली अर्थतन्त्रमा सहकारी क्षेत्रले निम्न तरिकाले योगदान गर्न सक्दछ ।

- रोजगारी/स्वरोजगारी सिर्जना गरेर,
- सहकारी क्षेत्रमा मर्यादित कामको वातारणलाई प्रवर्द्धन गरेर,
- कामदारहरूको अधिकारको सुरक्षा गरेर,
- प्रतिइकाई लागत कम हुने प्रविधिको विस्तार गरेर,
- समुदायको वित्तीय पहुँच बढाएर,
- आफ्ना क्रियाकलापको माध्यमबाट रोजगारी प्रदान गर्ने श्रोतहरूलाई औपचारिक बनाउँदै लगेर ।

## लक्ष्य ९ वहनयोग्य पूर्वाधार एवं समावेशी र दिगो औद्योगिकीकरण

एसडिजीको लक्ष्य ९ अन्तर्गत भौतिक पूर्वाधार, समावेशी तथा औद्योगिकीकरणको दिगोपनका आधार तयार गर्ने विषयहरू पर्दछन् । नेपालको पूर्वाधार विकासको अवस्था त्यति सन्तोषजनक छैन: दूरसञ्चारको क्षेत्रमा तथा सडक संजालको निर्माणमा उल्लेख्य प्रगति भएतापनि बनेका सडकहरू तोकिएको मापदण्ड पुरा गरेको मानिन्न । कलकारखाना, पानी तथा विद्युत, निर्माणजस्ता औद्योगिक क्षेत्रमा लगानीको मात्रा र प्रतिस्पर्धाको स्तर कमजोर छ । पूर्वाधारका त्यस्ता क्षेत्रमा सहकारी संस्थाहरूले प्रत्यक्ष योगदान दिनसक्ने आधार नदेखिए पनि दिगो उद्योग स्थापनामा भने निम्न कार्यमार्फत् केही योगदान गर्न सक्दछ:

- सार्वजनिक र निजी क्षेत्रले चासो नदिएका वातावरणमैत्री वस्तु र सेवाको उत्पादनमा लगानी गरेर,
- साना तथा लघु उद्योग संचालन गरेर,
- युवा सदस्यहरूको उद्यमशीलता विकास गर्दै स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहन गरेर ।

## लक्ष्य १० असमानता घटाउने

यस लक्ष्यले उपभोग, आयजस्ता क्षेत्रमा व्यक्ति-व्यक्तिबिच असमानता घटाउने उद्देश्य लिएको छ । यसका लागि सबैभन्दा कम आय भएका तल्लो ४० प्रतिशत जनसंख्याको आयमा व्यापक वृद्धि गर्नुपर्ने आवश्यकता छ । तसर्थ उच्च आय हुने समुदायको तुलनामा दैनिक ज्यालामा काम गर्ने श्रमिक, कृषक तथा कृषि मजदुर, परम्परागत सीपमा आधारित पेशा भएका समुदायको आय बढाउनु पर्ने हुन्छ । सहकारी संस्थाहरू समुदायमा आधारित, आर्थिक दृष्टिले तल्लो तहका जनता संगठित हुने र समानता प्रवर्द्धन गर्ने सिद्धान्तमा आधारित संस्था भएकोले त्यस्ता संस्थाले निम्नबमोजिम क्रियाकलापमार्फत् असमानता घटाउन मद्दत पुऱ्याउन सक्दछन्:

- सदस्यको सक्रियतालाई वृद्धि गरेर,
- व्यवसायमा सबैको सहभागितालाई प्रोत्साहन गरेर
- सदस्यहरूको नेतृत्व क्षमताको विकास गरेर ।

## लक्ष्य ११ दिगो शहरीकरण र समुदाय

यो लक्ष्य दिगोपना भएको शहर र समुदाय निर्माण गर्ने उद्देश्यमा केन्द्रित छ । हाम्रो देशमा ३० प्रतिशतभन्दा कम जनतामात्र सुरक्षित आवासमा बस्ने गरेको र त्यस्ता घर अपर्याप्त र महँगो हुँदै गएको मानिन्छ । यो परिवेशमा सुरक्षित आवासको संख्या वृद्धि गर्नुपर्ने, वायु प्रदुषण कम गर्दै लैजानुपर्ने, प्रकोपबाट हुने मृत्यु र चोटपटक नियन्त्रण गर्दै जानुपर्ने, सम्पदा संरक्षण गर्नुपर्ने विषय यस लक्ष्यले समेटेको छ । यस सन्दर्भमा सहकारी क्षेत्रले देहायको कार्य गरी योगदान पुऱ्याउन सक्दछ :

- सुरक्षित, वहनयोग्य र वातावरणमैत्री मानव बस्तीको विकासका लागि भूमिका निर्वाह गरेर,
- आवास सहकारीको स्थापना र प्रवर्द्धनमार्फत् स्व-व्यवस्थापनमा आधारित आवास क्षेत्रको निर्माण गरेर,

- औपचारिक बीमाले नसमेटेका प्रकोप र जलवायु परिवर्तनबाट प्रभावित हुनसक्ने बाली, पशु, व्यवसायको सुरक्षण गरेर,
- आफनो क्षेत्र, समुदायभित्र संस्कृति र सम्पदाको सम्बर्द्धनसम्बन्धी कार्य गरेर ।

## लक्ष्य १२ दिगो उपभोग र उत्पादन

श्रोत साधनको किफाइती उपयोगका लागि श्रोतहरूको संरक्षण गर्न, उत्पादनको लागत घटाउन र खेर नजाने तरिकाले उपभोग गर्नु आवश्यक छ । यसै उद्देश्यमा केन्द्रित यस दिगो विकाससम्बन्धी बाह्रौं लक्ष्यअन्तर्गत नेपालमा दाउराको खपत कम गर्ने, प्लाष्टिकको प्रयोग शून्यमा झार्ने, बाली भित्र्याउदा हुने क्षतिलाई नगन्य बनाउने, पानीको उचित उपयोग गर्नुपर्ने, पेट्रोलियम पदार्थको उपभोग तथा उद्योगजन्य फोहोर घटाउने, खेतीयोग्य जमीन तथा अन्य प्राकृतिक श्रोतको संरक्षण गर्ने आदि विषय समेटिएको छ । सहकारी क्षेत्रले तल उल्लिखित क्रियाकलापमार्फत् नेपालमा दिगो उत्पादन र उपभोगको लक्ष्य प्राप्तिका लागि सहयोग पुऱ्याउन सक्दछः

- विभिन्न समय र अवसरमा वृक्षारोपण तथा अन्य प्राकृतिक श्रोत संरक्षणसम्बन्धी अभियान संचालन गरेर,
- खाना खेर नफाल्ने, पुनः प्रयोगयोग्य वस्तु पुनःप्रयोग गर्ने, प्लास्टिकको प्रयोग नगर्नेजस्ता व्यवहारजन्य स्वभावलाई सदस्यबिच प्रवर्द्धन गरेर,
- साधन कम प्रयोग हुने एवं बाली भित्र्याउदा हुने क्षति कम गर्ने कृषि प्रविधिको प्रवर्द्धन गरेर,
- प्याकेजिङ र ढुवानीमा दिगोखालको विधिको प्रयोग गरेर ।

## लक्ष्य १३ जलवायु परिवर्तन

हरितगृह ग्यासको उत्सर्जनका कारण संसारमा व्यापक जलवायु परिवर्तन भएको छ । यसैको कारण पछिल्ला वर्षहरूमा मौसमको प्रवृत्तिमा धेरै नै फेरबदल भएको अनुभव गर्न सकिन्छ । त्यस्तो परिवर्तनले गर्दा कृषि उत्पादन एवं मानवीय जनजीवनमा नकारात्मक असर पर्नुका साथै ठूल्ठूला प्राकृतिक प्रकोप वर्षेनी देखा पर्न थालेका छन् । हरितगृह उत्सर्जन हुनुमा कृषि क्षेत्रले ६८ प्रतिशत, यातायात र औधोगिक क्षेत्रले १२ प्रतिशत योगदान गरेको मानिन्छ । त्यस्तो उत्सर्जनमा नेपालको खास भूमिका नरहे पनि जलवायु परिवर्तनबाट आफूलाई जोगाउन सरकारले जलवायु अनुकूलका गाउँ/नगरपालिका, वस्ती तथा कृषि फार्म बनाउन खोजेको छ । तल उल्लेख भएबमोजिमका कार्यमार्फत सहकारी क्षेत्रले यस लक्ष्यमा केही योगदान गर्न सक्दछः

- नवीकरणीय उर्जाको उत्पादन र उपयोग गरेर, प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई हटाएर,
- वृक्षारोपणका विशेष कार्यक्रम सञ्चालन गरेर,
- वातावरणीय परिवर्तनको असर न्यूनीकरणसम्बन्धी सरकार तथा समुदायको प्रयासमा सहभागी भएर,
- जलवायु अनुकुलन तथा समुत्थानसम्बन्धी कार्यक्रम संचालन गरेर ।

## लक्ष्य १५ पृथ्वीको भूपरिस्थिकीय जीवन

यो लक्ष्यअन्तर्गत वन क्षेत्रको विस्तार, संरक्षित/आरक्षित क्षेत्र वृद्धि, पानीलगायत विभिन्न प्राकृतिक श्रोत तथा जैविक विविधताको संरक्षण आदि कार्य पर्दछन् । नेपाल सरकारले यो लक्ष्य प्राप्त गर्न आरक्षित क्षेत्र र समुदायको व्यवस्थापनमा रहेको वनको क्षेत्र वृद्धि गर्ने, वन विनासको गतिलाई आधा कम गर्ने, वृक्षारोपणका कामलाई निरन्तरता दिने, ताल-तलैया तथा पानीका मुहानको संरक्षण गर्ने, विभिन्न जीवजन्तु तथा वनस्पतिका लोपोन्मुख प्रजातिहरूको संरक्षण गर्ने उद्देश्य लिएको छ । यो लक्ष्य प्राप्तिमा सहकारी क्षेत्रले निम्न कार्यमार्फत् योगदान गर्न सक्दछः

- आफ्नो क्षेत्रमा पर्ने पानीको मुहान, वन र जैविक विविधताको संरक्षणको कार्यमा सहभागी भएर, त्यस्ता श्रोत क्षति नहुनेगरी खेतीपाती गरेर,
- आफ्ना सदस्यहरूलाई जडिबुटी उत्पादन गर्न प्रोत्साहन गरेर,
- वनको सुरक्षा र पुनःउत्पादन हुनेगरी काठपातको उपयोगसम्बन्धी जनचेतना अभिवृद्धि गराएर,
- वातावरण अनुकूल, माटो सुहाउँदो र औषधिका गुण भएका रूख/विरूवा रोप्ने अभियान सञ्चालन गरेर ।

## लक्ष्य १६ शान्ति, न्याय र सबल संस्था

यस लक्ष्यअन्तर्गत हिंसात्मक द्वन्दको अन्त्य गर्ने भनिएको छ । त्यसका लागि महिला तथा बालहिंसाको अन्त्य, पारदर्शिता, जवाफदेहिता एवं विधिको शासन जस्ता सुशासनसम्बन्धी पक्षहरु यस लक्ष्यमा समेटिएका छन् । यसअन्तर्गतका उद्देश्य प्राप्तिका लागि १८ वर्षभन्दा कम उमेरमा हुने विवाहको अन्त्य गर्ने, जन्म दर्ता विश्वकै हाराहारीमा पुऱ्याउने जस्ता लक्ष्य पर्दछन् । यसमा प्रेस स्वतन्त्रता एवं क्रियाशील नागरिक आन्दोलनको सशक्तीकरणलाई पनि उत्तिकै महत्व दिइएको छ । सहकारी संस्थाहरू त्यस्तै एक

नागरिक आन्दोलन हुन् जसले आफू भित्र नै लोकतन्त्रको अभ्यास गर्ने गर्दछन् । साथै सदस्यहरूको क्रियाशीलता, एक सदस्य एक मतको अधिकार, विभेदरहित क्रियाकलापको अभ्याससमेत गर्दछन् । त्यसैले सहकारी संस्था एवं तिनका व्यवसाय राजनीतिक एवं आर्थिक संकट हुँदा एवं समाज हिंसाको चपेटामा परेको बेलामा समेत संचालन हुन सकेको देखिन्छ । यसका अतिरिक्त सहकारी संस्थाले निम्न कार्य गरेर शान्ति, न्याय र संस्थाहरूको सबलीकरणमा मद्दत पुऱ्याउन सक्दछन:

- सहकारीका सिद्धान्त, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा देशको प्रचलित कानूनको कार्यान्वयनलाई सहयोग गरेर,
- समुदाय भाव, सशक्तीकरण र समावेशिताको परिपालना एवं विस्तार गरेर,
- राजनीतिक, जातीय, आर्थिक एवं लैङ्गिक आधारमा विभेदरहित संस्था एवं व्यवसाय संचालन गरेर,
- अन्याय र हिंसा विरूद्धको आफ्नो विश्वासलाई प्रवर्द्धन गरेर ।

## लक्ष्य १७ साझेदारी

दिगो विकाससम्बन्धी यस लक्ष्यले माथि उल्लेखित अन्य १६ वटा लक्ष्य प्राप्त गर्न सरकारी, निजी, सहकारी क्षेत्रलगायत सबै सरोकारवालाले आफ्नै तवरबाट तथा एक–आपसमा सहकार्य/साझेदारी गर्न निर्देश गर्दछ । दिगो विकासको यस्तो बृहत उद्देश्य प्राप्तिका लागि धेरै साधन–श्रोतको आवश्यकता पर्दछ । सरकार, निजी क्षेत्र, सहकारी संस्था, अन्य गैरसरकारी निकायहरूले एक–आपसमा सहकार्य नगरी त्यति धेरै श्रोत जुटाउन सम्भव छैन । यो क्षेत्रमा सहकारीले योगदान पुऱ्याउन सक्ने केही खास विषयहरु रहेका छन् । एसडिजी कार्यान्वयनका लागि चाहिने सहकार्य र साझेदारी प्रर्वद्धन गर्न सहकारी क्षेत्रले निम्न कार्य गर्न सक्दछः

- सहकारी–सहकारीबिच सहकार्यको सिद्धान्तअन्तर्गत सबै तहका सहकारी संघ/संस्थाहरूबिच सहकार्यमा आधारित व्यवसाय प्रवर्द्धन गरेर,
- सरकार, निजी क्षेत्र, नागरिक समाज एवं दातृ निकायबिच दिगो विकास लक्ष्यसम्बन्धी जनचेतना तथा क्षमता विकासका कार्यमा सहकार्य गरेर,
- ज्ञान, सीप एवं वित्तीय तथा प्राविधिक श्रोतको उपलब्धताका लागि आपसी साझेदारी गरेर ।

## ३. दिगो विकासका लक्ष्य कार्यान्वयनका लागि मार्गनिर्देश

दिगो विकास लक्ष्यले मुलतः सबै प्रकारको संकट र चुनौतीबाट मानिस र पृथ्वीलाई जोगाउने उद्देश्य लिएको छ । नेपालको सहकारी क्षेत्रले एसडिजीका सूचकहरूमा रहेका कतिपय विषयमा लामो समयदेखि योगदान गर्दै आएको छ । तर त्यस्ता क्रियाकलापलाई एउटा संरचनात्मक ढाँचामा राखेर एकीकृत ढंगले कार्य गर्नसके सहकारी क्षेत्रले यो मुद्धामा थप योगदान गर्नसक्ने देखिन्छ । नेपालमा स्थानीय तहमा रहेका प्रारम्भिक सहकारी संस्थादेखि जिल्ला हुँदै केन्द्र तहका संघले आफना व्यवसाय एवं कार्य प्रणालीमा दिगो विकास लक्ष्यलाई समायोजन गर्न विभिन्न कार्य गर्नुपर्ने हुन्छ । यो मार्गनिर्देशले तिनै क्रियाकलापलाई एकीकृत ढाँचामा प्रस्तुत गरेको छ । यसको पहिलो भागमा दिगो विकाससम्बन्धी विभिन्न लक्ष्यका सूचकहरूलाई सहकारीका क्रियाकलापमा रूपान्तरण गरिएको छ र तिनको कार्यान्वयनका लागि कुन तहको सहकारी संस्था वा संघले कसरी कार्य गर्न सक्दछ भनेर प्रस्ताव गरिएको छ ।

| क्रियाकलाप | जिम्मेवारी | समय सीमा | कामको सूचक |
|---|---|---|---|
| **लक्ष्य १ : गरिबीको अन्त्य** | | | |
| पहिचान गरिएका गरिब नागरिकका लागि सहकारीमार्फत् गरिबी निवारण गर्ने प्रक्रियासम्बन्धी निर्देशिकाको निर्माण गर्ने । | राष्ट्रिय सहकारी महासंघ (महासंघ) | २०२० | निर्देशिका तयार भएको |
